# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) विराटनगर, नेपाल, जेठ ९ गते, २०७५ साल (अतिरिक्ताङ्क ५

## भाग १

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश २०७५

**प्रस्तावना:** प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा बनेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्‌को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो अध्यादेशको नाम "प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश, २०७५" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा संशोधन:** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) मा रहेको "२ महिना अगावै" भन्ने शव्दहरुको सट्टा "१५ दिन अगावै" भन्ने शव्दहरु राखिएका छन् ।

३. **प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (२) मा संशोधन:** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (२) मा रहेको "१ महिना भित्र" भन्ने शव्दहरुको सट्टा "७ दिन भित्र" भन्ने शव्दहरु राखिएका छन् ।

आज्ञाले,
यज्ञबहादुर खत्री
प्रदेश सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।–
गो.ह.द.नं. १६।२०६२।६३